परोहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लौकाहा,रौतहट

२ नं.प्रदेश,नेपाल

**उपभोक्ता समितिको गठन वा आयोजना तथा कार्यक्रमको सम्झौता र भुक्तानी माग गर्दा आवश्यक पर्ने कागजातहरू**

**क) उ.स. गठन गर्दा**

१) न.पा.ले तोकेको कर्मचारी,जनप्रतिनिधि वा वडा अध्यक्षको रोहवरमा लभान्वित वर्ग,सरोकारवाला र भद्रभलादमीहरुको भेला गराई लभान्वित हुने परिवारका सदस्यहरुको एक परिवार एक सदस्य मध्येबाट ३३%महिला समावेश गरी ७ देखि ११ सदस्यीय उ.स. गठन गरी निजहरुको नागरिकताको प्रतिलिपी समेत संलग्न गरी सम्बन्धित वडाको सिफारिस सहित पठाउने।

२) उ.स.मा रहेका व्यक्ति बाहेकका व्यक्तिहरुबाट महिला सहित ५ सदस्यीय योजना सुपरिवेक्षण र अनुगमन समिति समेत गठन गरी पठाउने।

३) उ.स. गठन गर्दा अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये १ जना महिला अनिवार्य हुनु पर्ने र निजहरुबाट खाता संचालन हुने हुँदा निजहरुको ३ पुस्ते सहित नागरिकता समावेश गरी पठाउने।

४) जनप्रतिनिधि, सरकारी कर्मचारी, निर्माण व्यवसायी,एकै परिवारका व्यक्ति र पेश्की वा बेरुजु बाँकी भएको व्यक्तिलाई उ.स.मा समावेश नगर्ने।

५) समाजिक परिचालनको माध्यमबाट गटन भएका दर्तावाला समूह (टोल विकास संस्था/आय समूह/सामुदायिक संगठन/सामुदायिक स्तरका सहकारी संस्थाहरु/सामुदायिक वन) आदी र गै.स.सं.बाट आयोजना तथा कार्यक्रम संचालन गर्दा त्यस्ता समूह/ संस्थाको दर्ता प्रमाण प्रत्र,नविकरण प्रमाण प्रत्र,आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको दर्ता प्रमाण प्रत्र, कर चुक्ता प्रमाण प्रत्र र संस्थाको आधिकारीक व्यक्ति तोकीएको निर्णय प्रतिलिपि

६) पक्की निर्माण कार्यमा १०% र माटो ग्रेभल कार्यमा १५% जनश्रमदान व्यहोर्नु पर्ने छ।

**ख) योजना सम्झौता गर्न आउदा**

Scanned by CamScanner

१) योजना सम्झौता गरी पाउ भन्ने व्यहोराको निवेदन र मोबाइल नम्बर
२) उ.स. गठनका सम्पूर्ण आवश्यक कागजातहरुको प्रतिलिपी,
३) आयोजनाको प्राविधिक डिजाईन सहितको लागत अनुमान
४) उ.स.को छाप
५) खाता सचालकहरुको २/२ प्रति पासपोर्ट साइजको फोटो

<u>ग) रनिङ बिलको भुक्तानी माग गर्दा</u>

१) प्राविधिक मूल्याङकन
२) छड,सिमेन्ट,ईटा वा अन्य भ्याट लाग्ने सामानको भ्याट विल
३) ज्यामी,मिस्त्री आदीको उ.स.अध्यक्षबाट प्रमाणित डोर हाजीरी
४) उ.स.को खर्च सहितको भुक्तानी माग निर्णय
५) उ.स.अध्यक्षबाट भुक्तानी माग निवेदन र कार्यादेशको फोटोकपी
६)उ.स.को बैक खाताको नाम र खाता नम्वर

<u>घ) भुक्तानी माग गर्दा</u>

१) उ.स.को छाप सहित अध्यक्षको निवेदन

२) उ.स.को खर्च विवरण सहितको भुक्तानी मागको निर्णय प्रतिलिपि

३) योजना अनुगमन तथा सुपरिवेक्षण समितिको खर्च सहितको अनुगमन प्रतिवेदन

४) वडा समितिको योजना सम्पन्न खर्च सहितको अनुगमन प्रतिवेदन र सिफारिस

५)न.पा.स्तरीय अनुगमन प्रतिवेदन

६) उ.स.को प्रगति प्रतिवेदन

७) योजना संचालन पूर्वको,कार्य संचालन अवधिको र कार्य सम्पन्न पश्चातको फोटो २/२ प्रति

८) दक्ष,अदक्ष कामदारको उ.स.अध्यक्षबाट प्रमाणित डोरहाजिरी

९) काठ,गिट्टी,वालुवा,माटो र प्रयोग भएका अन्य सामान वा उपकरणको बिल वा प्रमाणित भर्पाई

१०) छड,सिमेन्ट,ईटा वा अन्य भ्याट लाग्ने सामानको भ्याट विल

११) प्रविधिक एम.वि.,मूल्याङ्कन,कार्य सम्पन्न प्रतिवेदन
१२) सार्वजनिक परिक्षणको निर्णय प्रतिलिपी
१३) आवश्यकता अनुसारको अन्य कागजात

Scanned by CamScanner